The following template is an optional tool for schools and districts to enhance the process of identifying and supporting students experiencing homelessness. This template can be tailored to best meet the needs of your school or district. **This template has been translated in Nepali.**

**Instructions for Using this Template:**

Liaisons have a responsibility to spread public notice of McKinney-Vento rights in locations frequented by families and youth in a manner and form understandable to them. Utilize this brochure template as an outreach and awareness tool for students and families experiencing homelessness. Customize this template to meet the needs of your school or district by adding relevant contact information, resources, and school or district programs and services.

Contact information for the State Homeless Liaison should be added under the "**राज्यको घरबारविहीन सम्पर्क**" header with their name (नाम), email (इमेल), and phone number (फोन). Contact information for the District Homeless Liaison should be added under the "**डिस्ट्रिक्ट घरबारविहीन सम्पर्क**" headers with their name (नाम), email (इमेल), and phone number (फोन). Utilize the English version of this template for reference.

Once customized, copies of this brochure can be passed along to district administrators, school staff and personnel, and community partners to share with students and families who may be experiencing homelessness. Strategies for disseminating this brochure include:

- Linking a copy on your school or district webpage
- Keeping a stack on the secretary's desk
- Handing out copies at family engagement events
- Including a copy in enrollment or orientation packets

**Additional Tools:**

For guidance on displaying outreach and awareness materials in your school, district and community, download the McKinney-Vento Poster Tracker.

For guidance on creating webpage communications, download the McKinney-Vento Website Communication Guide.

Ohio Department of Education & Workforce

## संसाधनहरू

**ओहायो शिक्षा र कार्यबल विभाग**
Education.ohio.gov/McKinneyVento
HomelessEducation@education.ohio.gov

**अङ्ग्रेजी अध्ययनकर्ताहरूका लागि LAU संसाधन केन्द्र**
education.ohio.gov/LAU • (614) 466-4109
lau@education.ohio.gov

**घरबाट भागेको वा घरविहीन युवा**
acf.hhs.gov/fysb/programs/runaway-homelessyouth

**घरबारविहीनता र आवासको गठबन्धन (COHHIO)**
cohhio.org • (614) 280-1984

**घरबारविहीनता र गरीबीमा राष्ट्रिय कानुन केन्द्र**
nlchp.org • (202) 638-2535

## स्थानीय स्रोतहरू

**Add local resource here**

## राज्यको घरबारविहीन सम्पर्क

**[नाम]**
इमेलः
फोन:

## डिस्ट्रिक्ट घरबारविहीन सम्पर्क

**[नाम]**
इमेलः
फोन:

Department of Education & Workforce



# घरबारविहीनता अनुभव गरिरहेका बालबालिका र युवाहरूको अधिकारका लागि आमाबुवाको मार्गदर्शक

*के तपाईंको बच्चाले तपाईंको हालको जीवन अवस्थाका कारण विद्यालयमा सफल हुन संघर्ष गरिरहनुभएको छ?*

## के म घरबारविहीनताको अनुभव गर्दैछु?

- के तपाईंको जीवन अवस्था अनिश्चित छ?
- के तपाईं आर्थिक कठिनाइ वा घरको क्षतिको कारण साथी वा आफन्तहरूसँग बस्दै हुनुहुन्छ?
- के तपाईं मोटेल, होटल, कार वा क्याम्पिङ ग्राउन्डमा बस्दै हुनुहुन्छ?
- के तपाईं आश्रयमा बस्दै हुनुहुन्छ?
- के तपाईंको घरमा पानी, तातो वा बिजुलीको अभाव छ?
- के तपाईंको आवास मोल्ड, कीटहरू वा अन्य वातावरणीय खतराहरूले प्रभावित छ?

तपाईंले माथिका कुनै पनि प्रश्नहरूको **हो** जवाफ दिनुभयो भने, तपाईं र तपाईंको बच्चा McKinney-Vento ऐन अन्तर्गत निश्चित अधिकार र सुरक्षाहरूका लागि योग्य हुन सक्नुहुन्छ।

## मेरा अधिकारहरू के-के छन्?

तपाईंले घरबारविहीनताको अनुभव गर्दै हुनुहुन्छ भने, तपाईं र तपाईंको बाल(बालिका) को संघीय कानुनअन्तर्गत केही अधिकार र सुरक्षा छन्:

- तपाईंको बच्चाले घरबारविहीनताको अनुभव गर्नुअघि आफूले पढ्नुभएको विद्यालयमा भर्ना हुन सक्नुहुन्छ वा तपाईं हाल बस्नुभएको डिस्ट्रिक्टको नयाँ विद्यालयमा तत्कालै भर्ना हुन सक्नुहुन्छ;
    - तपाईंले आफ्नो बच्चाको सर्वोत्तम रूचिलाई ध्यानमा राखेर विद्यालयहरूको यो छनोट गर्न सक्नुहुन्छ;
    - तपाईंको बच्चाले आफ्नो रोजाइको विद्यालय जान र आउनका लागि यातायात प्राप्त गर्नुपर्छ;

## मेरा अधिकारहरू के-के छन्? (निरन्तर)

- तपाईंको बच्चालाई निःशुल्क खानामा तत्काल पहुँच प्रदान गरिएको छ;
- तपाईंको बच्चाले अन्य बालबालिकाले प्राप्त गरेको सार्वजनिक शिक्षा, प्रिस्कूल र विद्यालय पछिका क्रियाकलापहरूसहित प्राप्त गर्नुपर्छ; र
- स्थायी आवास फेला पारेपछि, तपाईंको बच्चा विद्यालय वर्षको बाँकी अवधिका लागि आफ्नो मूल विद्यालयमा रहन सक्छ।

आफ्नो अधिकारका बारेमा थप जान्न र सेवाहरूका लागि आफ्नो योग्यता निर्धारण गर्न, आफ्नो विद्यालय वा डिस्ट्रिक्टको **घरबारविहीन शिक्षा सम्पर्कलाई** सम्पर्क गर्नुहोस्।

## घरबारविहीन शिक्षा सम्पर्क भनेको के हो?

निम्न कार्यहरूद्वारा तपाईं र तपाईंको बच्चालाई सहायता गर्ने भूमिका भएको प्रत्येक सामुदायिक विद्यालय र सार्वजनिक डिस्ट्रिक्ट कानुनद्वारा घरबारविहीन शिक्षा सम्पर्क हुनु आवश्यक छ।

- तपाईंलाई आफ्नो अधिकारहरूबारे जानकारी उपलब्ध गराउँदै;
- तपाईंलाई विद्यालयहरूबीच छनोट गर्न मद्दत गर्दै;
- तपाईंको बच्चालाई विद्यालय जान र आउनका लागि यातायात छ भनी सुनिश्चित गर्दै;
- तपाईंलाई सामुदायिक स्रोतहरूसँग जडान गर्दै;
- तपाईंको बच्चालाई आवश्यक शैक्षिक सहायता छ भनी सुनिश्चित गर्दै; र
- तपाईं वा तपाईंको बच्चा यी सेवाहरूका लागि योग्य हुनुहुन्छ कि छैन भन्नेबारे द्वन्दहरूलाई व्यवस्थापन गर्दै।



## म मेरा विद्यार्थीलाई कसरी सहयोग गर्न सक्छु?

तपाईंले निम्न तरिकाले आफ्नो बच्चाको शैक्षिक स्थिरतालाई सहायता गर्न मुख्य भूमिका खेल्न सक्नुहुन्छ:

- तपाईंको घरबारविहीन शिक्षा सम्पर्कसँग सम्पर्कमा रहँदै;
- तपाईंको बच्चाको यातायात परिवर्तन आवश्यक छ भने डिस्ट्रिक्टलाई जानकारी दिने;
- तपाईंको बच्चाको उपस्थिति र सहभागितामा सम्भावित अवरोधहरूका बारेमा सञ्चार गर्दै;
- सामुदायिक स्रोतहरूको सन्दर्भबारे सोध्दै; र
- तपाईंको बच्चालाई नियमित रूपमा विद्यालयमा उपस्थित हुन मद्दत गर्दै।

### डिस्ट्रिक्ट घरबारविहीन सम्पर्क

**[नाम]**

इमेल:

फोन: